स्थानीय सरकार

# पाँचपोखरी थाङ्पाल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

थाङ्पालधाप, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

२०७३

पत्र संख्या: २०८१/०८२ (प्रशासन शाखा)

चलानी नं. 05

मिति :- २०८१/०४/०१

श्री सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु,

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयानुसार यस पाँचपोखरी थाङपाल गाउँपालिकामा मिति २०८१/०४/०७ गतेका दिन बिहान ११:०० बजे तपशिल बमोजिमको विषयमा छलफल गर्न कार्यपालिकाको बैठक बस्नुपर्ने भएको हुदाँ यहाँहरुको गरिमामय अनिवार्य उपस्थितका लागि हार्दिक अनुरोध छ ।

तपशिल :

१. गत कार्यपालिका निर्णय समिक्षा सम्बन्धमा ।
२. विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
३. आगामी आ.ब. २०८१/०८२ को लागि करार कर्मचारी म्याद थप सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ :-

श्री अध्यक्षज्यूको सचिवालय, अवगातार्थ ।
श्री उपाध्यक्षज्यूको सचिवालय, अवगातार्थ ।
श्री सूचना प्रविधि शाखा, पाँचपोखरी थाङ्पाल गाउँपालिका ।

स्थानीय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थाङपालधाप, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकिय अधिकृत

Panchpokhari Thangpal Rural Municipality, Sindhupalchok , Bagamati Provience http://panchpokharithangpalmun.gov.np/
Email: ito.panchpokharithangpalmun@gmail.com, Tel: +9779851109808

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

बैठक नं.- १ बैठक मितिः- २०८१/०४/०७

बैठक स्थानः- गाउँपालिकाको सभाहल

आज मिति २०८१/०४/०७ गते यस पाँचपोखरी थाङ्पाल गाउँकार्यपालिकाका कार्यबाहक अध्यक्ष श्री सुनिता अधिकारी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थितिः-

| सि.नं. | नम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सुनिता अधिकारी | का.बा.अध्यक्ष | सुनिता |
| २. | श्री आलोक कुमार स्याङबो | सदस्य | |
| ३. | श्री बाबुलाल स्याङ्वो | सदस्य | |
| ४. | श्री डिमा छिरिङ तामाङ | सदस्य | |
| ५. | श्री कुल बहादुर बस्नेत | सदस्य | |
| ६. | श्री काले गोले | सदस्य | |
| ७. | श्री नारायण भट्टराई | सदस्य | |
| ८. | श्री सुके तामाङ | सदस्य | |
| ९. | श्री विष्णु बहादुर खड्का | सदस्य | |
| १०. | श्री लक्ष्मी तामाङ | सदस्य | लक्ष्मी |
| ११. | श्री रीता तामाङ | सदस्य | रिता |
| १२. | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १३. | श्री कल्पना पण्डित | सदस्य | |
| १४. | श्री टासी शेर्पा | सदस्य | |
| १५. | श्री विमला बिश्वकर्मा | सदस्य | विमला। |
| १६. | श्री लक्ष्मण कुइकेल | सचिव | |

स्थानिय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थाङपालधाप, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कुइकेल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका

## आ.व. २०८१/०८२

बैठक नं.- १   बैठक मितिः- २०८१/०४/०७

बैठक स्थानः- गाउँपालिकाको सभाहल

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा । | यस पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाको मिति २०८०/०३/०८ गते भएको १३ औं गाउँकार्यपालिकाका निर्णयहरु कार्यन्वयन भए नभएको सम्बन्धमा विस्तृत छलफल गरि सर्वसम्मत रुपमा समिक्षा गरियो । |
| २. | विपद् निर्णय अनुमोदन सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको विपद् व्यवस्थापन समितिले मिति २०८१/०४/०७ गते ८ बजे विहान गरेका विपद् कार्यसँग सम्बन्धि सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ३. | करार कर्मचारीको म्याद थप सम्बन्धमा । | यस पाँचपोखरी थाङपाल गाउँपालिकामा गत आ.व. मा करार सेवामा कार्यरत सबै कर्मचारीको करार म्याद २०८१ साल पौष मसान्तसम्म थप गर्ने र आ.व. २०८०/०८१ मा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई दिईदै आएको तलब भत्तालाई निममानुसार दिने सर्वसम्मत निर्णय गरियो । |
| ४. | अनुमती दिने सम्बन्धमा । | यस पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७ मा रहेको क्षेत्रपालेश्वरी मा.वि.को मिति २०८१ साल श्रावण ०२ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार उक्त विद्यालयमा व्यवस्थापन विषयको पढाईका कक्षा १२ सम्म थप गर्न अनुमती पाउँ भनि पेश हुन आएकोले यस गाउँपालिकाले कुनै समयमा आर्थिक भार नवेहोंने गरी व्यवस्थापन संकाय थप गर्ने अनुमती प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ५. | सूचना प्रवाह गर्ने सम्वन्धमा । | यस गाउँपालिकामा गत अषाढ ३० गते आएको बाढीपहिरोबाट अत्याधिक क्षति वेहोर्न परिरहेको अवस्थामा कुनै पनि व्यपारी वा व्यक्तिले विक्रि गर्ने आवश्यक खाध्यान्न लगाएत अन्य सामग्रीहरु कृतिम अभाव सृजना नगर्न र सामाग्रीमा कालो बजारी समेत नगर्न सार्वजनिक सूचना गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ६. | झोलुङ्गे पुल मर्मत प्रक्रिया बढाउने सम्बन्धमा । | गत अषाढ ३० गते आएको बाढीपहिरोबाट क्षति भएका यस गाउँपालिकाका झोलुङ्गे पुलहरु मर्मत गर्ने कार्य अघि बढाउने सर्वसम्मत निर्णय गरियो । |
| ७ | म्याद थप गर्ने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका र जन परिसंवाद प्रा.लि. बीच मिति २०८०/१०/१८ भएको सम्झौता अनुसार २०८१ जेठ मसान्तसम्म कार्यसम्पन्न गरी गाउँपालिकालाई बुझाउनु पर्नेमा बर्षातका कारण बाटो अवरुद्ध भएकोले तथ्याङ संकलन गर्न सठिनाई भई समयमै कार्यसम्पन्न गर्न नसकिएकाले २०८१ असार मसान्तसम्म म्याद थप गरीपाउँ भनी २०८० असार महिनामा दिएको निवेदन अनुसार उक्त कार्य २०८२ असार मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो । |

लक्ष्मण कड्केल
प्रमुख प्रशासकीय अधिकृत